मिति: २०८२/१२/१५
समय: साँझ ५.०० बजे
स्थान: नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ३ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ४ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ५ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ६ | श्री केशव थापा | का.वा. वडा अध्यक्ष, वडा नं. ५ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री गणेश प्रसाद अर्याल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

## आमन्त्रित कर्मचारीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | अधिकृत दशौं | |
| २ | श्री सुनिल आचार्य | वरिष्ठ शाखा अधिकृत | |
| ३ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | |
| ४ | श्री कञ्चन खनाल | प्राविधिक शाखा प्रमुख | |
| ५ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ६ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | |
| ७. | श्री सन्दीप गिरि | इञ्जिनियर | |
| ८. | श्री शेरमान पोखरेल | अ.क. अधिकृत | |

## प्रस्तावः-

१. स्थानीय शासन कार्य सम्पादन मूल्यांकन प्रणाली (LGPAS) सम्बन्धमा ।

२. विविध ।

## निर्णयहरू:

**निर्णय नं. १**

गत मिति २०८२/१२/०१ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय तहहरूको स्थानीय शासन कार्य सम्पादन मूल्यांकन प्रणालीमा यस नगरपालिका कार्यालयबाट आ.व. २०८१/०८२ मा सम्पादित कार्यहरूको प्रगती एवम् विवरण प्रविष्ट गर्दा नागार्जुन नगरपालिकालाई ......८६.४...... अंक प्राप्त भएकोले सोही व्यहोरा नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गरी श्री जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंबाट हुने मूल्यांकनको लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरूबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरू गर्नको लागि निम्न शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरू सञ्चालन तथा सामाग्रीहरू खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**योजना तथा कार्यक्रमहरू माग तर्फ**

| सि.नं. | निवेदकको नाम | कार्यक्रम/योजना/माग | रकम रू. | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | वडा नं. ७ को कार्यालय | बाध्यबाधन सामाग्री तथा प्लाष्टिकको मेच | स्वीकृत माग फाराम बमोजिम | साँस्कृतिक बाजा खरिद (२२५२२) |
| २ | दुरा सेवा समाज | वार्षिक उत्सव समारोह कार्यक्रम सञ्चालन | १,००,००० | कार्यक्रम खर्च (२२५२२) |
| ३ | सुनौलो बस्ती समाज | सुनौलो बस्ती ढल व्यवस्थापन कार्य | स्वीकृत ल.ई.बमोजिम | अन्य सार्वजनिक निर्माण (३११५९) |
| ४ | पवित्र बस्ती बासिन्दा | पवित्र बस्ती सडक स्तरोन्नती | स्वीकृत ल.ई. बमोजिम | |
| ५ | देवनगर बस्ती बासिन्दा | ग्लोवल भिजन स्कुल नजिक बाटो स्तरोन्नती | स्वीकृत ल.ई. बमोजिम | |
| ६ | ज्योती प्रा.वि. | ज्योती प्रा.वि.देखि अमलाको वोट सडक स्तरोन्नती | स्वीकृत ल.ई. बमोजिम | |

**निर्णय नं. ४**

यस नगरपालिका अन्तर्गत बसोबास गर्ने तपसिलमा उल्लेखित व्यक्तिहरूले आर्थिक सहयोग पाउँ भनि यस नगरपालिकामा दिएको निवेदन अनुसार निजहरूलाई एक पटकको लागि खर्च शिर्षक नं. २७२१९ अन्य सामाजिक सहायता शिर्षकबाट विनियोजित बजेटबाट खर्च हुने गरी निम्न बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । तपसिलः

| सि.नं. | निवेदकको नाम | रकम रू. | विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | डम्बर कुमारी भट्ट | १५,००० | दिर्घ रोगबाट ग्रसित | ना.न.पा. वडा नं. २ |
| २ | निर बहादुर तामाङ | १५,००० | क्यान्सर रोगी | ना.न.पा. वडा नं. २ |

**निर्णय नं. ५**

यस नगरपालिका अन्तर्गत वडा नं. ७ स्थित श्री पञ्चकन्या मा.वि.को ६ कोठे विद्यालय भवन मिति २०७२ साल वैशाख १२ गते गएको महाभूकम्पबाट क्षतिग्रस्त भई रातो स्टीकर पाएको साथै सोभवनबाट विद्यालयमा अध्ययनरत बालबालिकाहरूमा समेत जोखिम रहेको हुँदा उक्त भवन भत्काई विस्थापन गर्नु पर्ने भएको भनि सम्बन्धित विद्यालय व्यवस्थापन समितिको मिति २०८२/११/२८ गतेको निर्णय तथा सम्बन्धित वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं. २३०९, मिति २०८२/१२/०९ गतेको सिफारीस पत्र समेतको आधारमा प्रचलित कानूनी प्रक्रिया पूरा गरी उक्त विद्यालयको भवन भत्काउनको लागि स्वीकृती दिने निर्णय गरियो ।

निर्णय नं. १०

नागार्जुन नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सत्य संचार प्रा.लि.ले तयार गरेको नागार्जुन नगरपालिकाको परिचयात्मक वृत्तचित्र स्वीकृत गरी प्रकाशन गर्ने निर्णय गरियो ।